प्यूठान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बिजुवार , प्यूठान

लुम्बिनी प्रदेश , नेपाल

website: www.pyuthanmun.gov.np
email: pyuthannagarpalika@gmail.com
contact: 086-460291

प.सं. २०७७/०७८
च.न.

## सूचना ! सूचना !! सूचना !!!

(प्रथम पटक प्रकाशित मिति २०७७/०८/१४)

चालु आ.व २०७७/७८ को यस प्युठान नगरपालिकाको ससर्त अनुदान तर्फ स्वीकृत "फलफुल दशक अन्तरगत स्थानीय तहमा विरुवा रोपण अभियान ५०% अनुदान" कार्यक्रम संचालन गर्नु पर्ने भएकाले, दर्ता भएका इच्छुक भूमिहीन कृषक, व्यवसायिक कृषक, विदेशबाट फर्किएका युवाहरु, प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा सुचिकृत भएका युबाहरु, निजि फर्म, कृषक समूह तथा सहकारी, स्थानीय क्लब, स्थानीय उपभोक्ता समितिहरुले आवस्यक कागजात सहित सुचना प्रकाशन भएको मितिले कम्तिमा १५ दिन (मिति २०७७/०८/२८) भित्र कार्यालय खुलेको समयमा यस कार्यालयमा तपसिलको विवरण सहित आवेदन पेश गरि दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशान गरिएको छ ।

पेश गर्नु पर्ने कागजातहरु

१) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्र , विदेशवाट फर्केको भए पासपोर्टको पोटोकपी
२) बिरुवा रोपण तथा बगैचा स्थापनाको लागत स्टिमेट , कार्ययोजना, अपेक्षित प्रतिफल सहितको प्रस्तावना
३) सम्बन्धित वाड कार्यलयको सिफारिस पत्र
४) सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम गर्दा सम्वन्धित वडा संग भएको सम्झौता पत्र
५) जग्गा भाडामा लिई फलफुल बगैचा स्थापना गर्नेहरुको हकमा कम्तिमा १० वर्षको कारार सम्झौताको प्रमाणित प्रतिलिपि
६) आफ्नै नाममा जग्गा भएमा लाल फारमको प्रतिलिपी
७) समुह, सहकारी, फर्म तथा संस्था दर्ता प्रमाण पत्र

**फलफुल दशक अन्तरगत स्थानीय तहमा विरुवा रोपण अभियान ५०% अनुदान कार्यक्रमको विस्तृतिकरण**

| क्र. स | क्रियाकलापको विवरण | कैफियत |
|---|---|---|
| १. | जग्गाको सरसफाई, बगैचा रेखाङ्कन गर्ने, विरुवा रोप्न खाडल खन्ने, मल मिसाउने तथा पुर्ने, बिरुवा रोप्ने, टेका तथा छापो राख्ने ज्यामी खर्च | सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम तथा निजि जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम दुवैमा लागू हुने । |
| २. | फलफूल विरुवा खरिद तथा वितरण | |
| ३. | स्थानीय सामग्री तथा कम लागत प्रविधिमा आधारित विरुवा संरक्षण, हेरचाह | सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रममा मात्र लागु हुने । |
| ४. | कृषि औजार उपकरण खरिद | सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम तथा निजि जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम दुवैमा लागु हुने । |
| ५. | सिचाइ पूर्वाधार | |

** निजि जग्गामा फलफुल रोपण कार्यक्रम संचालन गर्न कम्तिमा २ रोपनी क्षेत्रफल हुनु पर्ने छ ।

२०७७/०८/१४

यज्ञ बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत